# दित्तेल रुपाकोट मझुवागढी नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ३ संख्याः १३ मितिः १० पौष, २०७७ साल

# भाग-२

दित्तेल रुपाकोट मझुवागढी नगरपालिकाद्वारा प्रकाशित

## दित्तेल रुपाकोट मझुवागढी नगरपालिकाको लैंगिक हिंसा निवारण कोष सञ्चालन मापदण्ड, २०७७

**प्रस्तावना :** नेपालको संबिधान २०७२ को धारा ३८ को महिलाको हकको कार्यान्वयन गर्न र लैगिक हिंसाबाट पीडित वा प्रभावितलाई तत्काल उद्धार, औषधी उपचार र पुनर्स्थापना गर्ने कार्यका लागि नगरपालिकामा लैगिक हिंसा निवारण कोष स्थापना गरी सो कोषबाट पीडित वा प्रभावितलाई रकम प्रदान गर्ने कार्यलाई सरल, सहज, प्रभावकारी एवं पारदर्शि बनाउनको लागि लैगिक हिंसा निवारण कोष संचालन (दोश्रो संशोधन) नियमावली, २०७६ तथा लैगिक हिंसा निवारण कोष स्थापना तथा विस्तारका लागि सशर्त अनुदान रकम खर्च सम्वन्धि मापदण्ड, २०७६ को अधिन एवम् दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको प्रशासकीय कार्यविधी (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको लैगिक हिंसा निवारण कोष सञ्चालन मापदण्ड, २०७७ तयार गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यो मापदण्डको नाम “दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको लैगिक हिंसा निवारण कोष संचालन मापदण्ड, २०७७” रहनेछ ।

(ख) यो मापदण्ड दिक्तेल रुपाकोट मझुवागढी नगरकार्यपालिकावाट पारित भएपछि लागु हुनेछ ।

**२. कोषको कार्यक्षेत्रः** लैगिक हिंसा निवारण कोषबाट संचालित कार्यक्रम नगरपालिका क्षेत्र भित्र मात्र लागु हुनेछ ।

**३. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमाः

(क) “नगरपालिका” भन्नाले दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकालाई सम्झनु पर्ने छ ।

(ख) “कोष” भन्नाले दफा ४ बमोजिमको लैङ्गिक हिंसा निवारण कोष संझनु पर्छ ।

(ग) “पीडित” भन्नाले लैङ्गिक हिंसाबाट पीडित वा प्रभावित व्यक्ति संझनु पर्छ ।

(घ) "घरेलु हिंसा" भन्नाले कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को कुनै व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातना सम्झनु पर्दछ ।

(ङ) "लैंगिक हिंसा" भन्नाले सार्वजनिक वा निजी जीवनमा लिंगको आधारमा कसै प्रति शारीरिक, मानसिक वा यौनजन्य क्षति वा पीडा पुर्याउने कार्य सम्झनु पर्दछ र सो शब्दले लिंगको आधारमा हुने वा हुन सक्ने कुनै पनि प्रकारको अपमानजन्य, पीडाजन्य वा धम्कीपूर्ण व्यवहार, दवाव, करकाप वा स्वेच्छाचारी रुपमा महिलालाई स्वतन्त्रताको उपभोग गर्नबाट बञ्चित गर्ने कुनै कार्य समेतलाई जनाउछ ।

(च) "कोष संचालन समिति" भन्नाले मापदण्डको दफा १० बमोजिम गठित समितिलाई सम्झनु पर्दछ ।

**४. कोषको स्थापनाः**

(१) लैगिक हिंसा पिडित र प्रभावितहरुको तत्काल उद्धार गर्न, राहत र पुनःस्थापना गर्ने काम समेतका लागि दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाले एक हिंसा निवारण कोष खडा गरेकोछ ।

(२) कोषमा देहाय बमोजिमको रकम जम्मा गर्न सकिनेछ ।

क) संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान रकम,

ख) दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको आन्तरिक स्रोतबाट छुट्याइएको रकम,

ग) विभिन्न संघ संस्था वा व्यक्तिबाट सहयोग स्वरुप प्राप्त रकम,

घ) अन्य कुनै आन्तरिक तथा बाह्य स्रोतबाट प्राप्त रकम,

ङ) बैंक खातामा रहेको मौज्दातबाट प्राप्त ब्याज रकम,

**५. कोषमा रकम जम्मा गर्ने:** दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाले प्रत्येक आर्थिक वर्षको वार्षिक बजेटमा रकम व्यवस्था गरी कोषमा जम्मा गर्नु पर्नेछ ।

**६. कोषको उपयोगः** (१) कोषको रकम देहायको कामको लागि उपलब्ध गराउन उपयोग गरिनेछः—

(क) पीडितलाई तत्काल उद्धार गर्न,
(ख) पीडितलाई औषधी उपचार गर्न,
(ग) पीडितलाई तत्काल उपचार गराउदा लागेको खर्च पीडकले तत्काल व्यहोर्न नसक्ने भई अदालतको आदेश बमोजिम त्यस्तो पीडितको स्वास्थ्य उपचार गर्न,
(घ) राहत प्रदान गर्न तथा आर्थिक सहयोग उपलव्ध गराउन,
(ङ) पीडितलाई कानूनी सहायता, मनोवैज्ञानिक उपचार तथा मनोपरामर्श लगायतका सेवा प्रदान गर्न,
(च) सीपमुलक तालिम प्राप्त पिडितलाई स्वरोजागारका लागि कुनै व्यवसाय स्थापना गर्नको लागि अनुदान रकम प्रदान गर्न,
(छ) पीडित र प्रभावितका लागि पुनर्स्थापना गराउन,
(ज) अल्पकालीन महिला सुरक्षा सेवा केन्द्र संचालनको लागि माग भई आएमा समितिले आवश्यक ठानेमा आवश्यकता र औचित्यताको आधारमा सेवा केन्द्र संचालनको लागि रकम प्रदान गर्न,
(झ) लैंगिक हिंसा विरुद्धको सचेतना कार्यक्रम, सन्देशमूलक सूचना प्रवाह गर्न र होर्डिङ बोर्ड राख्न,
(ञ) पीडितको लागि कोष परिचालन समितिले तोके बमोजिमको अन्य आवश्यक काम गर्न।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कोष सञ्चालक समितिले लैङ्गिक हिंसाबाट पीडित बालबालिका तथा किशोर किशोरी वा लैङ्गिक हिंसाबाट प्रभावित भई लागू पदार्थको दुर्व्यसनमा फसेका वा सडकमा आएका व्यक्तिलाई प्राथमिकता दिई कोषको रकम खर्च गर्न सक्नेछ ।

**७. कोषको रकम अन्य काममा उपयोग गर्न नसकिनेः** कोषको रकम दफा (६) बमोजिम बाहेक अन्य कामका लागि उपयोग गर्न सकिने छैन ।

**८. राहत तथा आर्थिक सहयोगको आधार र मापदण्डः**

(१) दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाले कोष परिचालन समितिले पीडित र प्रभावितलाई राहत तथा आर्थिक सहयोग प्रदान गर्नुपर्नेछ।

(२) कोष संचालन समितिले उपदफा (१) बमोजिम पीडित र प्रभावितलाई रकम उपलब्ध गराउदा देहाय बमोजिमको रकमको हद र आधार लिनुपर्नेछ ।

(क) पीडितलाई तत्काल उद्धार, औषधी उपचार, पुनर्स्थापना वा राहत तथा आर्थिक सहयोग नगरेमा गम्भीर मानवीय क्षति हुने देखिएमा कोष संचालन समितिले आवश्यकता र औचित्यताको आधारमा निर्णय गरी मनासिव रकम,

(ख) हिंसा पीडितले कुनै सीपमुलुक तालिम प्राप्तगरी व्यवसाय संचालन गर्नका लागि वस्तुगत सहयोग वा नगद अनुदान माग गरेमा व्यवसायको प्रकृति र औचित्यताको आधारमा निर्णय गरी मनासिव रकम,

(ग) पीडितलाई कानुनी सहायता, मनोवैज्ञानिक उपचार वा मनोविमर्शका लागि पच्चिस हजार रुपैयाँमा नबढ्ने गरी लागेको यथार्थ खर्च,

(घ) पीडितलाई तत्काल उद्धार गर्नु पर्ने भएमा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम, खाना खर्चवापत प्रतिदिन पाँच सय रुपैयाँ र बास बस्नु पर्ने भए सो वापत छुट्टै रकम दिनु पर्ने भएमा प्रतिदिन सात सय रुपैयाँको दरले लागेको यथार्थ खर्च रकम साथै पीडितलाई उद्धार गरी ल्याउने र लाने एक जना सहयोगी र पिडीतसंग आश्रीत बाल बच्चा भएमा निजहरुलाई समेत पिडीतले पाए सरह यातायात र खाना खर्च रकम,

तर, पिडीतलाई तत्काल उद्धार गर्नु पर्ने अवस्था भई सार्वजनिक यातायात उपलब्ध हुन सककेमा अन्य जुनसुकै साधन प्रयोग गरी उद्धार गर्दा लागेको यथार्थ खर्च रकम दिन कुनै बाधा पर्ने छैन।

(ङ) पीडितलाई अस्पतालमा भर्ना गरी औषधी उपचार गर्नु पर्ने भएमा अस्पताल आँउदा, जाँदा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम, खाना खर्च वापत प्रति दिन पाँच सय रुपैयाँ, अस्पतालमा बस्ने व्यवस्था नभई वाहिर बस्नु परेमा बास खर्च वापत प्रतिदिन सात सय रुपैयाँ र उपचार खर्चको यथार्थ खर्च रकम, पिडीतसंग बालबच्चा भए बालबच्चाका लागि पिडीत सरह खाना खर्च र विरामी कुरुवा एक जना सहयोगी समेतलाई पिडीतले पाए सरहको सवारी, खाना तथा वास खर्च रकम,

(च) कोष संचालन समितिले तोके बमोजिमको अन्य कामको लागि कामको प्रकृति, आवश्यकता र औचित्यताको आधारमा निर्णय गरी मनासिव रकम,

**९. राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनु पर्नेः** (१) यस मापदण्ड बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पीडित वा सरोकारवाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनु पर्ने मनासिव कारण खुलाई कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन उपर जाचबुझ गर्दा पीडित तथा प्रभावितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनु पर्ने आधार देखिएमा कोष संचालन समितिले निर्णयगरी उपलब्ध गराउनु पर्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा उल्लेख भएतापनि पीडित तथा प्रभावितलाई तत्काल राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनु पर्ने मनासिव आधार देखिएमा कोष संचालन समितिबाट पछि अनुमोदन गराउनेगरी संयोजकले तत्काल उपलब्ध गराउनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम प्राप्त निवेदन अनुसार जाचबुझ गर्दा पीडित तथा प्रभावितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनुपर्ने आधार नदेखिएमा सोको जानकारी निवेदकलाई गराउनु पर्नेछ ।

(५) यस दफामा जुनसुकै कुरा लेखिएको भएता पनि समितिको वैठक वस्न नसकेको अवस्थामा पिडीतलाई राहत उपलब्ध गराउन आवश्यक देखेमा संयोजकले आदेश गरी राहात उपलब्ध गराउन कुनै बाधा पर्नेछैन । संयोजकको आदेशले राहात उपलब्ध गराएको अवस्थामा समितिबाट अनुमोदन गराउनु पर्नेछ ।

**१०. कोष संचालन समिति गठनः** (१) कोषको संचालन तथा व्यबस्थापन गर्ने प्रयोजनको लागि एक कोष संचालन समिति रहनेछ ।

(२) समितिको गठन देहाय बमोजिम हुनेछ ।

(क) नगर उपप्रमुख -संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(ग) सामाजिक विकास समिति संयोजक -सदस्य

(घ) आर्थिक प्रशासन शाखा प्रमुख -सदस्य

(ङ) जिल्ला अस्पताल प्रमुख -सदस्य

(च) जिल्ला प्रहरी कार्यालयको अधिकृत प्रतिनिधि -सदस्य

(छ) कानुन अधिकृत/कानुनी सल्लाहकार -सदस्य

(ज) लैंगिक हिंसा निवारणको क्षेत्रमा कार्य गर्ने सामाजिक संघ संस्थाहरु मध्येबाट संयोजकले मनोनित गरेको एकजना महिला -सदस्य

(झ) महिला बालबालिका तथा सामाजिक विकास शाखा प्रमुख -सदस्य सचिव

**११. समितिको काम,कर्तव्य र अधिकारः** समितिको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) लैंगिक हिंसा पिडित तथा प्रभावितको उद्धार गर्ने, पुनः स्थापना गर्ने तथा राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने सम्बन्धमा कार्यक्रम तर्जुमा गर्ने,

ख) लैंगिक हिसा पिडित तथा प्रभावितको पहिचान गर्ने र वास्तविक पिडित तथा प्रभावितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने,

ग) स्वीकृत कार्यक्रमका लागि कोष परिचालन गर्ने गराउने,

घ) स्वीकृत कार्यक्रम कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन गर्ने,

ङ) समितिबाट गरिने कार्यक्रमको अनुगमन गर्ने वा गराउने,

च) लैंगिक हिंसा निवारणको क्षेत्रमा कामगर्ने निकायसँग समन्वय गरी कार्य गर्ने,

छ) समितिलाई तत्काल आवश्यक पर्ने कोषमा रहेको रकम उपयुक्त क्षेत्रमा लगानी गर्ने,

ज) कोषमा रकम बृद्धिको लागि स्रोत खोजी गर्ने,

झ) लैंगिक हिंसा पिडित तथा प्रभावित सम्बन्धी अन्य काम गर्ने वा गराउने।

**१२. समितिको बैठक र निर्णयः**

क) समितिको बैठक आबश्यकता अनुसार बस्नेछ ।

ख) समितिको बैठक संयोजकले तोकेको मिति,समय र स्थानमा बस्नेछ ।

घ) समितिको कुल सदस्य संख्याको ५१ प्रतिशत सदस्यहरु उपस्थित भएमा समितिको बैठकको गणपुरक संख्या पुगेको मानिनेछ ।

ङ) समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरु मध्येबाट जेष्ठ सदस्यले गर्नेछ ।

च) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

छ) समितिले आबश्यकता अनुसार कुनै विषय विज्ञ तथा नगरपालिकाको पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

ज) समितिको निर्णय समितिको संयोजकले प्रमाणित गरी राखिनेछ ।

झ) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समितिको बैठकमा निर्णय गरी निर्धारण गर्न सक्नेछ ।

**१३. समितिको प्रशासनिक खर्चः** समितिको प्रशासनिक खर्च कोषमा जम्मा भएको रकमको पन्ध्र प्रतिशत भन्दा बढी हुने छैन ।

**१४. खाता सञ्चालनः** १) कोषको रकम समितिको निर्णय बमोजिम कुनै वाणिज्य बैंकको खाता खोली जम्मा गर्नु पर्दछ ।

२) उपदफा (१) बमोजिम खाता सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र लेखा शाखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

**१५. कोषको लेखा र लेखा परिक्षणः** कोषको लेखा र लेखा परिक्षण नगरपालिकाले अपनाएको लेखा प्रणाली र लेखा परिक्षण प्रक्रिया बमोजिम हुनेछ ।

**१६. कोषको रकम फ्रिज नहुनेः** कोषको रकम खर्च नभई आर्थिक वर्षको अन्त्य सम्म बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुने छैन ।

**१७. प्रतिबेदन पेश गर्नेः** १) समितिले आफूले गरेको कार्यको वार्षिक प्रतिबेदन आर्थिक वर्ष समाप्त भएको ३ महिना भित्र नगरकार्यपालिकामा पेश गर्नु पर्नेछ ।

२) उपदफा (१) बमोजिम समितिले पेश गरेको प्रतिबेदन नगरकार्यपालिकाले सार्वजनिक गर्नेछ ।

**१८. बैठक भत्ताः** समितिका संयोजक र सदस्यले समितिको बैठकमा भाग लिए बापत नगर कार्यपालिकाले तोके बमोजिमको रकम बैठक भत्ता पाउनेछन् ।

**१९. कोषको सचिवालयः** कोषको सचिवालय नगर कार्यपालिकाको कार्यालयमा रहनेछ ।

**२०. अभिलेख राख्नेः** समितिले आफुले गरेका कामको अभिलेख दुरुस्त राख्नु पर्नेछ ।

**२१. निर्देशन दिन सक्नेः** १) नगरकार्यपालिकाले समितिको काम कारबाहीको सन्दर्भमा समितिलाई निर्देशन दिन सक्नेछ ।

२) उपदफा (१) बमोजिम नगर कार्यपालिकाले दिएको निर्देशन पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

**२२. अधिकार प्रत्यायोजनः** समितिले यस कार्यबिधि बमोजिम आफुलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार समितिको संयोजक, सदस्य वा नगर कार्यपालिकाले तोकेको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**२३. कोष खारेज हुन सक्नेः** १) कुनै कारणबस कोष संचालन गर्न आबश्यक नदेखिएमा नगर कार्यपालिकाको निर्णयबाट कोष खारेज गर्न सकिनेछ ।

२) उपदफा (१) बमोजिम कोष खारेज भएमा कोषको रकम हस्तान्तरण सम्बन्धी निर्णय नगर कार्यपालिकाको बैठकबाट हुनेछ ।

**२४. संशोधन तथा खारेजीः** यस मापदण्डलाई आवश्यकता अनुसार नगर कार्यपालिकाले संशोधन तथा परिमार्जन र खारेज गर्न सक्नेछ ।

**प्रमाणीकरण मितिः २०७७।०९।०३**

**आज्ञाले,**

**टेकनाथ दहाल**

**प्रमुख प्रशासकीय अधिकृत**